**नेपाल आदिवासी जनजाति महासंघको तर्फबाट अन्तरिम संविधान मस्यौदा समितिलाई प्रस्तुत सुझाबहरु**

मिति : २०६३/०३/२९
श्रीमान् संयोजक ज्यू,
अन्तरिम संविधान मस्यौदा समिति
शान्ति सचिवालय, सिंहदरबार
बिषय : नेपाल आदिवासी जनजाति महासंघको तर्फबाट अन्तरिम संविधान मस्यौदा समितिलाई प्रस्तुत सुझाबहरु
महोदाय,

नेपाल सरकार र बिद्रोही ने क पा (माओवादी) बिच २०६३ असार २ गते सम्पन्न शिर्ष वार्ताद्वारा सर्वोच्च अदालतको पूर्व न्यायाधिस श्री लक्ष्मण प्रसाद अर्याल ज्यूको संयोजकत्वमा गठन भएको ६ सदस्यीय अन्तरिम संविधान मस्यौदा समितिको संरचना त्रुती पूर्ण रहेकोले त्यस्तो संरचना प्रति नेपाल आदिवासी जनजाति महासंघको गम्भीर असहमति रहेको ब्यहोरा यहाँलाई बिदितै छ । अन्तरिम संविधान मस्यौदा समितिमा नेपालको कुल जनसंख्याको ४० प्रतिशत भन्दा बढी जनसंख्या ओगट्ने आदिवासी जनजातिहरुको प्रतिनिधित्व हुन नसक्नु लोकतान्त्रिक आन्दोलनका क्रममा सम्पन्न बाह्र बुँदे समझदारी र ८ बुँदे सहमतिमा जाहेर गरिएका समावेशी लोकतन्त्रको सिद्धान्त र भावनाको उपहास गर्नु हो । तथापि हामी आदिवासी जनजातिहरु लोतन्त्रिक गणतन्त्र र शान्तिको पक्षधर भएको हुँदा नेपालमा लोकतान्त्रिक गणतन्त्र स्थापना गरी दिगो शान्ति कायम गर्नको लागि हामी आदिवासी जनजातिहरुले संविधान सभाको चुनावलाई सबै भन्दा उत्तम प्रजातान्त्रिक अभ्यासको रुपमा लिएका छौँ र संविधान सभाको चुनाव प्रति हामी प्रतिबद्ध पनि छौँ । तर हाल संविधान सभाको चुनाव सम्पन्न भई नयाँ संविधानको निर्माण नभए सम्मका लागि बनिने अन्तरिम संविधानमा हामी आदिवासी जनजातिहरुको तर्फबाट समावेस हुनु पर्ने निम्न सुझावहरु अन्तरिम संविधान मस्यौदा समितिलाई प्रस्तु त गरेका छौं ।

१. पुनर्स्थापित प्रतिनिधि सभाले मिति २०६३/०२/०४ मा गरेको धर्म निरपेक्ष राज्य, सेना तथा आमाको नामबाट नागरिकता प्रदान गर्न सकिने लगायतका अन्य महत्वपूर्ण बिषयको ऐतिहासिक घोषणालाई संवैधानिक मान्यता दिन अन्तरिम संविधानमा ब्यवस्था गरिनु पर्ने ।
२. भाषिक समानता र स्वतन्त्रताको अधिकार सुनिश्चित गर्दै शिक्षा तथा सरकारी कामकाजमा मातृ भाषा पनि प्रयोग गर्न पाउँने संवैधानिक ब्यवस्था गरिनु पर्ने ।
३. हाल विद्यमान राज्य संरचनामा हामी आदिवासी जनजातिहरु समाहित हुन नसके को हुँदा विद्यमान राज्यको पुनर्संरचना गरी आत्म निर्णयको अधिकारको सिद्धान्तको आधारमा जातीय/क्षेत्रीय स्वशासन स्थापना गरिनु पर्ने ।
४. समावेशी लोकतान्त्रिक गणतन्त्रको स्थापना गरिनु पर्ने ।
५. संविधान सभा लगायत राज्य सत्ताको सम्पूर्ण नीति निर्माण तथा कार्यान्वयन तहहरुमा जनजातिहरुको जनसंख्याको आधारमा समानुपातिक प्रतिनिधित्वको ब्यवस्था सुनिश्चित गरिनु पर्ने । सबै तहमा महिलाहरुका लागि ५० प्रतिशत सित सुरक्षित गरिनु पर्ने ।
६. संविधान सभाको गठन प्रक्रिया सहभागी मुलक हुनु पर्ने तथा संविधान सभाको स्वरुप संख्यात्मक तथा समुदायगत दुवै किसिमले प्रतिनिधित्व हुने गरी ब्यवस्था हुनु पर्ने । संख्यात्मक प्रतिनिधित्व समानुपातिक आधारमा राजनैतिक दल मार्फत र समुदायगत प्रतिनिधित्व जातीय तथा भाषिक आधारमा सुनिश्चित गरिनु पर्ने । यसका लागि संविधान सभाको स्वरुप हाल विद्यमान संसद झै दुई सदनात्मक पनि हुन सक्ने गरी ब्यवस्था गर्नु पर्ने ।
७. भूगोलको आधारमा निर्धारण गरिएको विद्यमान निर्वाचन क्षेत्रले आदिवासी जनजातिहरुको प्रतिनिधित्व गर्न नसक्ने हुँदा संविधान सभाको निर्वाचन क्षेत्र जातीय भाषिक तथा क्षेत्रीय (ऐतिहासिक भौगोलिक क्षेत्र) आधारमा निर्धारण गरिनु पर्ने ।

८. १६ बर्ष पुगेका स्वदेश वा विदेशमा बस्ने नेपाली नागरिकलाई निर्भयसाथ मतदान गर्न पाउने अधिकार प्रदान गरिनु पर्ने ।
९. शिक्षा, सरकारी सेवा तथा रोजगारका अवसरहरुमा जनजातिहरुको लागि आरक्षणको विशेष व्यवस्था गरिनु पर्ने ।
१०. नेपालका आदिवासी जनजातिहरु लगायत सम्पूर्ण वर्ग समुदायहरुको शोषण, दमन र उत्पिडनका साथै देशमा विद्यमान लोकतन्त्र, शान्ति, समृद्धि, सामाजिक अग्रगमन तथा स्वतन्त्र सार्वभौम नेपालको लागि प्रमुख बाधक निरङ्कुश राजतन्त्र भएकोले र निरङ्कुश राजतन्त्रले आफुलाई हिन्दु सम्राट समेत घोषणा गरिसकेको अवश्थामा निरङ्कुश राजतन्त्र प्रति आदिवासी जनजातिहरुको कुनै आस्था र विश्वास नभएकोले अन्तरिम संविधानमा राजतन्त्रलाई कुनै स्थान दिइनु नहुने ।
११. प्राकृतिक स्रोत र सम्पदा (जल, जंगल र जमिन) माथिको जनजातिहरुको परम्परागत अग्राधिकारलाई सुनिश्चित गरिनु पर्ने ।
१२. नेपालका बहुसंख्यक आदिवासी जनजातिहरु भुमिहीन भएको हुँदा उनीहरु नागरिकता बिहिन पनि भएका छन् । नागरिकताको अभावमा आदिवासी जनजातिहरु राजनैतिक अधिकारबाट मात्र बन्चित नभएर राज्यबाट पाउने शिक्षा, स्वास्थ्य तथा रोजगार जस्ता आधारभूत सेवा सुविधाबाट समेत बन्चित भएका छन् । त्यसलाई ध्यानमा राखि आदिवासी जनजातिहरुलाई उनीहरुकै जातीय संस्थाका प्रतिनिधिहरुको रोहबर तथा महासंघको सिफारिसमा सुलभ र सरल तरिकाबाट नागरिकताको प्रमाणपत्र दिने व्यवस्था हुनु पर्ने ।
१३. अन्तरिम संविधानमा सर्वपक्षीय राष्ट्रिय राजनैतिक सम्मेलन गरी अन्तरिम विधायिकाको निर्माण गरी सर्व पक्षीय र सहमतीय आधारमा आदिवासी जनजाति तथा अन्य वर्ग समुदायहरुको सम्मान जनक प्रतिनिधित्व हुने गरी सर्वपक्षीय अन्तरिम सरकारको गठन गर्ने व्यवस्था हुनु पर्ने ।
१४. सात दल र माओवादी बिच सम्पन्न भएको १२ बुँदे समझदारी, २५ बुँदे आचारसंहिता तथा ८ बुँदे सहमति प्रति संसदमा प्रतिनिधित्व गर्ने राजनीतिक दलका जिम्मेवार सांसद तथा नेताहरुद्वारा नकरात्मक ढङ्गले प्रश्नहरु उठ्न थालेपछि शान्ति वार्ता तथा संविधान सभाको चुनाव गंभीर खतरामा पर्न सक्ने संभावना देखिएकोले अन्तरिम संविधान मस्यौदा समितिले सबै पक्षको सुझाहरु समेटी आफुलाई दिइएको म्याद भित्रै अन्तरिम संविधान निर्माण गरी सम्बन्धित पक्षलाई यथाशिघ्र बुझाउँनु पर्ने ।
१५. अन्तरिम सं विधानको घोषणा सर्वपक्षीय राजनैतिक सम्मेलनद्वारा गर्नु पर्ने ।
१६. संविधान सभाको चुनावको मिति तोक्नु पर्ने ।
१७. आदिवासी जनजातिका पहिचान र हक अधिकारको संरक्षण तथा संवर्द्धन गर्ने अन्तराष्ट्रिय अनुबन्धनहरु, जस्तै ज्ुबल च्ष्नजतक र न्भलभखब ऋयलखभलतष्यल को पालना गर्नका साथै ग्ल म्चबात म्भअबिचबतष्यल यल क्ष्लमष्नभलयगक एयउगबितष्यलक तथा क्षिइ ऋयलखभलतष्यल ज्ञटढ अनुमोदन गर्नका लागि सरकारलाई राज्यको निर्देशक सिद्धान्तद्वारा निर्देशन गर्नु पर्ने ।
१८. हाल विद्यमान राष्ट्रिय झण्डा, राष्ट्रिय गान तथा राष्ट्रिय चिन्ह परिवर्तन गरी नेपालको सामाजिक साँस्कृतिक विविधता झल्किने गरी नयाँ राष्ट्रिय झण्डा, राष्ट्रि य गान तथा राष्ट्रिय चिन्हको निर्माण यथाशिघ्र गरिनु पर्ने ।
१९. राज्यको स्वरुप लगायत अन्य थुप्रै गम्भीर तथा महत्वपूर्ण विषयहरुको बारेमा छोटो समय भित्र स्पष्ट खाका तयार गरी सर्व सहमति कायम गर्न नसकिने हुँदा यस्ता गम्भीर बिषयहरुमा पछि बिस्तृत रुपमा सर्वपक्षीय छलफल गरी सर्वसम्मति अनुरुपको खाका तयार पार्न सकिने खुल्ला प्रावधान अन्तरिम संविधानमा राखिनु पर्ने ।

नेपालका संपूर्ण आदिवासी जनजातिहरुको तर्फबाट
डा. ओम गुरुङ्ग
महासचिव
नेपाल आदिवासी जनजाति महासंघ
संघीय परिषद सचिवालय

आवद्ध जातीय सदस्य संस्थाहरुको विवरण
आदिवासी जनजाति संस्थाको नाम

- किसान समुदाय क्लव
- नेपाल कुमाल समाज
- नेपाल गनगाई (गणेश) कल्याण परिषद
- गुरुङ (तमु) राष्ट्रिय परिषद
- नेपाल चेपाङ (प्रजा) संघ
- नेपाल छन्त्याल संघ
- जिरेल संघ नेपाल
- नेपाल झाँगड (उरावं) कोड्रेम सुधारा
- ताजपुरिया समाज कल्याण परिषद
- नेपाल तामाङ घेदुङ
- ताङ्वे समाज सेवा संघ
- तोक्पेगोला समाज सेवा समिति
- थकाली सेवा समिति
- नेपाल थामी समाज
- थारु कल्याणकारी सभा
- दनुवार जागरण समिति
- नेपाल दरै उत्थान समाज
- दुरा सेवा समाज
- धिमाल जाति बिकास केन्द्र
- नेवार नेवाः देय दवु
- नेपाल पहरि बिकास संघ
- नेपाल बराम संघ
- नेपाल बोटे समाज सेवा
- भुजेल समाज सेवा समिति
- नेपाल भोटे जनजाति सेवा समिति
- नेपाल मगर संघ
- नेपाल माझि उत्थान संघ
- मुगाल जनजाति समाज कल्याण केन्द्र
- मेचे समाज सिवीयारी अफात
- किराँत याक्खा छुम्मा
- किराँत याक्थुङ चुम्लुङ
- किराँत राई यायोक्खा
- राजवंशी भाषा प्रचार समिति
- राजी शाल्म समाज
- लाप्चा रोङ सेजुम ठी (लाप्चा उत्थान मञ्च)

- लार्के समाज कल्याण केन्द्र
- वालुङ सेवा समाज
- शिंसावा (ल्होमी) शिङ्सा कल्याण केन्द्र
- नेपाल शेर्पा संघ
- ब्याँसी शौंका समाज
- नेपाल संन्थाल आदिवासी उत्थान संघ
- सियार समाज कल्याण केन्द्र
- सुनुवार सेवा समाज
- वायु गुखाता कोलु पंदाक्मी (हायु)
- नेपाल ह्योल्मो समाज सेवा संघ
- मार्फा थकाली सेवा सदन
- तीन गाउँले थकाली सेवा समिति
- नेपाल डोल्पो जनजाति विकास केन्द्र
- थुदाम सेवा समाज
- सुरेल जाति उत्थान संस्था
- नेपाल धानुक समाज
- कुचबाडिया उत्थान संघ
- बाह्रगाउ समाज सेवा समिति
- लोछोधुन ल्होपा संघ

नेपाल आदिवासी जनजाति महासंघ
जिल्ला समन्वय परिषदहरुको विवरण
१ नवलपरासी
२ मकवानपुर
३ इलाम
४ बर्दिया
५ बाँके
६ झापा
७ मोरङ
८ तेह्रथुम
९ संखुवासभा
१० सुर्खेत
११ रुपन्देही
१२ चितवन
१३ सुन्सरी
१४ भोजपुर
१५ कास्की
१६ ताप्लेजुङ
१७ पर्वत
१८ गोरखा

१९ उदयपुर
२० रामेछाप
२१ कञ्चनपुर
२२ दोलखा
२३ पाल्पा
२४ धनकुटा
२५ कैलाली
२६ दाङ
२७ कपिलबस्तु
२८ बाग्लुङ
२९ तनहु
३० काभ्रे
३१ सप्तरी
३२ रौतहट
३३ लमजुङ
३४ धनुषा
३५ मुस्ताङ
३६ सिन्धुली
३७ सिराहा
३८ दैलेख
३९ सार्लाही
४० प्युठान